"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध सहर"

# धरान उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### शिक्षा, युवा तथा खेलकुद महाशाखा

धरान-१२, सुनसरी

पत्र संख्याः ९३ - २०८०/८१

चलानी नम्बरः ३६२

मितिः २०८०।०४।१६

**विषयः विद्यालय बिदा गरी "Search and Destroy" अभियान सञ्चालन गर्ने सम्बन्धमा ।**

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,
धरान उपमहानगरपालिका, सुनसरी ।

उपर्युक्त सम्बन्धमा धरानमा डेङ्गु महामारीका कारण थुप्रै विद्यार्थी, शिक्षक तथा कर्मचारीहरु बिरामी परिरहेका र हाल आएर विद्यार्थीहरुमा आँखा पाक्ने समस्या समेत देखिन थालेको सबैलाई विदितै छ । डेङ्गु नियन्त्रणका सम्बन्धमा मिति २०८०।०४।१६ गते बसेको कार्यपालिका बैठकबाट मिति २०८०।०४।१७ गते १ दिन सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु बिदा दिई सोहि दिन विहान ७ बजेदेखि धरान उपमहानगरपालिकाभित्र एकैसाथ सुरु हुने डेङ्गु सार्ने लामखुट्टेको लार्भाको **"Search and Destroy"** अभियानमा विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुसमेत परिचालन गर्ने निर्णय भएकाले आफ्नो वडा कार्यालयसँग समन्वय गरी आफ्नो विद्यालयका साथै छरछिमेकमा समेत विद्यार्थी, शिक्षक तथा कर्मचारीहरु परिचालन गरी डेङ्गु सार्ने लामखुट्टेको लार्भाको **"Search and Destroy"** अभियान सञ्चालन गर्नुहुन अनुरोध छ । साथै, आँखा पाक्ने रोग सरुवा रोग भएकाले यसबाट बच्न सबैलाई सचेतना अपनाउन समेत अनुरोध छ ।

..............................
गणेश प्रसाद खतिवडा
महाशाखा प्रमुख

गणेशप्रसाद खतिवडा
शिक्षा महाशाखा प्रमुख